नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय सङ्घीयता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७७/७८
च. नं.:- ११६

मितिः २०७८/३/२३

श्री स्थानीय तह (सबै) ।

विषयः आ.व.२०७८/७९ को बजेट सम्बन्धमा।

नेपालको संविधानको धारा ५९ को उपधारा (३) मा स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगरसभामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २७ अनुसार स्थानीय तहले सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित सभाबाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नु पर्ने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले पनि स्थानीय तहको आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नु पर्ने र असार मसान्तभित्र पारित गरिसक्नु पर्ने व्यवस्था गरेको छ।

उपरोक्त संवैधानिक एवं कानूनी व्यवस्था बमोजिम अधिकांश स्थानीय तहले असार १० गतेभित्रै सभामा आय-व्ययको विवरण पेश गरेको र कतिपयले सभाबाट स्वीकृत गरिसकेको अवस्था समेत छ। तर कतिपय स्थानीय तहले हालसम्म पनि गाउँ सभा वा नगर सभामा आय-व्ययको विवरण (बजेट) पेश नगरेको जानकारी प्राप्त हुन आएको सन्दर्भमा संविधान तथा कानून बमोजिम सबै स्थानीय तहहरुले आ-आफ्नो सभामा आय-व्ययको अनुमानित विवरण (बजेट) पेश गरी सभाबाट स्वीकृत गराएर मात्र खर्च गर्नु गराउनु हुन र तत् सम्बन्धी विवरण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा यथाशीघ्र प्रविष्ट गर्नुहुन समेत निर्देशानुसार अनुरोध छ।

२०७८।३।२३

(जानकी शाह)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारः आवश्यक सहजीकरण गरिदिनुहुन ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौः आवश्यक सहजीकरण गरिदिनुहुन ।